# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७

## कर्जन्हा नगरपालिका
## सिरहा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या : २०७६।७७
च.नं. ४३०

मिति: २०७७।३।२६

श्री नगर प्रमुखज्यू,
कर्जन्हा नगरपालिका,
सिरहा ।


**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६।७७
च.नं १२९

मिति: २०७७।३।१८

श्री नगरप्रमुखज्यू,
कर्जन्हा नगरपालिका
सिरहा

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले कर्जन्हा नगरपालिका, सिरहाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. ५ करोड ५१ लाख ३१ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ३४ लाख ३३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७१ लाख ३० हजार, नियमित गर्नुपर्ने रु. ४ करोड ४५ लाख ६८ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।९।१० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना १९ यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(विन्दु विष्ट)
नायब महालेखापरीक्षक

# कर्जन्हा नगरपालिका, सिरहा
## लेखापरीक्षण प्रतिवेदन
### आर्थिक वर्ष : २०७५/०७६

**परिचयः-**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न कर्जन्हा नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । कर्जन्हा नगरपालिका अर्न्तगत ११ वडा रहेका छन । नगरपालिकामा ३९ सभा सदस्य रहेका छन । यो नगरपालिका २ नं. प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम कर्जन्हा नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषकोसंक्षिप्तअवस्थानिम्नवमोजिमरहेकोछ ।

| क.स. | आयतर्फ | | | | व्ययतर्फ | |
|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १२१०३८९४६.३८ | | वित्तिय समानिकरण चालु | ६१७८५०९१.४७ |
| | क) नगद | | | | वित्तिय समानिकरण पूजिगत | १४५६००७१४.७० |
| | ख) बैक | १२१०३८९४६.३८ | | | ससर्त अनुदान संघीय सरकार | ७८४६४०२८.१० |
| २ | **राजश्व (आन्तरिक आय)** | | ६१८९२३७५.८२ | | ससर्त अनुदान प्रदेश सरकार | ७२५७९६२.०० |
| | क) आन्तरिक राजश्व | ३४९७८०४.०७ | | | सामाजिक सुरक्षा | ४५२५४४००.०० |
| | ख) राजश्व बाँडफाड | ५५९५३५७१.७५ | | | भ्फो.पु. | १२३०५६४.०० |
| | ग) अन्य आय/ प्रदेश | २४४१०००.०० | | | स्थानीय पूर्वाधार | ९९८६७५३.०० |
| ३ | **वित्तिय हस्तान्तरण** | | २०७६५४०००.०० | | प्रधानमन्त्री रोजगार | ४९४५२१.०० |
| | क) वित्तिय समानीकरण अनुदान | १०००००००००.०० | | | **जम्मा खर्च** | **३५००७४०३४.२७** |
| | ख) शर्सत अनुदान | १०७६५४०००.०० | | | **दायित्व भुक्तानी बाँकी (-)** | **७९६७००६.०५** |
| ४ | **प्रदेश सरकार बाट प्राप्त अनुदान** | | १२७०५०००.०० | | कर दाखिला गर्न बाँकी | ५३२१३९६.०५ |
| | क) वित्तिय समानीकरण अनुदान | २७०५०००.०० | | | कन्टिन्जेन्सी दाखिला बाँकी | २२१९०७८.०० |
| | ख) शर्सत अनुदान | १००००००००.०० | | | धरौटी दाखला बाँकी | ७३०९२.०० |
| ५ | **वित्तिय व्यवस्था प्राप्ती** | | ५७३००८३८.०० | | योगदानमा आधारित पेन्सन दाखिला बाँकी | १६९२०.०० |
| | क) भ्फोलुगेपुल क्षेत्रगत कार्यक्रम | १२३०५६४.०० | | | भ्फो.पु कन्टिन्जेन्सी दा.बा. | ३६९१७.०० |
| | ख) स्थानिय पुर्वाधार विकास कार्यक्रम | ९९८६७५३.०० | | | संसदीय कोष कन्टिन्जेन्सी | २९९६०३.०० |
| | ग) सामाजिक सुरक्षा कार्यक्रम | ४५५८९०००.०० | | | **मौज्दात बाँकी** | **१२५२४६०२३.३८** |
| | घ) प्रधानमन्त्री रोजगार कार्यक्रम | ४९४५२१.०० | | | स्थानीय संचित कोष | १२४६५८६१८.३८ |
| ६ | जनसहभागिता (नगद) | | २४९७४८.०० | | धरौटी | ५८७४०५.०० |
| ७ | धरौटी आय | | १४५०००.०० | | | |
| ८ | **अन्य विविध आय** | | ६३६७१४३.४० | | | |
| | क) सडक वोर्ड नेपाल | ८०११४१.०० | | | | |
| | ख) नेपाल पर्यटन वोर्ड | ५०००००.०० | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जिल्ला समन्वय समिति | ५०६६००२.४० | | | | |
| जम्मा | | | ४६७३५३०५१.६० | | | ४६७३५३०५१.६० |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १. | **वजेट पेश र पारित गर्ने :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा उपाध्यक्ष, उपप्रमुख, वा कार्यपालिकाको कुनै सदस्यले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार दश गने भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ ।सभामा पेश हुने वार्षिक राजश्व र व्ययमा गत आर्थिक वर्षको राजश्व र व्ययको यथार्थ विवरण, चालु आर्थिक वर्षको अन्त्यसम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको विवरण खुलाउनु पर्ने उल्लेख छ । सभामा पेश भएको वजेट माथि कार्यतालिका बनाई १५ दिन भित्र छलफलको काम सम्पन्न गरी सक्नुपर्ने र छलफल सम्पन्न भएपछि पेश भएको वजेट असार मसान्त भित्र सभाले पारित गरी सक्नुपर्ने व्यवस्था छ । नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वजेट कार्यपालिकाबाट स्वीकृत गराई सभामा पेश गरेको देखिएन र सभाले कार्यतालिका बनाई छलफल नगरी २०७५।०३।३१ मा नगरसभाको वैठकले २०७५।७६ को रु. ३२,२२,०५,०००।०० आय-व्यय खर्च गर्न स्वीकृत गरी पारित गर्ने निर्णय गरेको देखियो । कार्यपालिकाले तोकिएको समयमा आय-व्ययमा खुलाउनु पर्ने विवरण खुलाई सभामा वजेट पेश नगर्ने र सभाले कार्यतालिका बनाई छलफल गरेर वजेट पारित नगरी एक दिनको वैठक बसी वजेट पारित गर्दा आय व्ययको यथार्थता हुन सक्दैन । आय व्ययको यथार्थ अनुमानको लागि ऐनमा भएका व्यवस्थाहरुको पूर्णरुपमा कार्यान्वयन गरी आय व्ययको अनुमान पेश गरी पारित हुनुपर्दछ । | |
| २. | **श्रोत अनुमान तथा वजेट सिमा :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम.नगरपालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरणमा, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा नगरपालिकाले समिति गठन गरेको देखिएन । समिति गठन गरी ऐन नियममा भएको व्यवस्था कार्यान्वयन गर्नु पर्दछ । | |
| ३. | **आय-व्यय अनुमानः**-स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ मा आय-व्ययको बजेट कार्यपालिकाबाट स्वीकृत गराई सभामा पेश गर्ने र सभाले असार मसान्त भित्र पारित गर्ने व्यवस्था छ । आर्थिक बर्ष २०७५/०७६ को लागी सभाबाट रु. ३२ करोड २२ लाख ५ हजारको आय-व्ययको बजेट पारित भएकोमा नगरपालिकाबाट पेश भएको आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत आय-व्यय विवरणबाट रु. ४६ करोड ७३ लाख ५३ हजारको को आय-व्ययको आर्थिक कारोबार भएको देखिएकोले सभाबाट पारित बजेट भन्दा रु. १४ करोड ५१ लाख ४८ हजार बढी देखियो । सभाबाट पारित बजेट भन्दा वढीको आय-व्ययको कारोबार हुँदा बजेट अनुमान यथार्थ परक हुन नसकेको र सभाबाट पारित वजेटको सिमा नाघेको छ । बार्षिक आय-व्ययको वजेट अनुमान तयार गर्दा यथार्थ परक हुनु पर्ने र सभाबाट स्वीकृत बजेट भन्दा वढी भएको रकमको सभाबाट अनुमोदन हुनुपर्दछ । | |
| ४. | **वजेट निकासाः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ मा खर्चको अख्तियारी पठाउनु पर्ने र रकम निकासा गर्ने व्यवस्था छ । प्रदेश सरकारबाट प्राप्त अनुदान रकमको खर्चको अख्तियारी नभएको, रकम निकासा आदेश प्राप्त नभएको, सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट निकासा खर्च भिडान भएको आर्थिक विवरण नभएको तथा खर्च गर्ने अख्तियारी निकासा आदेश निकासा खर्च भिडान तथा निकासा खर्च एकीन गर्ने कार्य एवं खर्च गर्ने आधार स्पष्ट हुदैन । नगरपालिकालाई रकम प्राप्त हुँदा खर्च गर्ने अख्तियारी सहित निकासा प्राप्त हुनुपर्ने र निकासा गर्ने सम्बन्धित निकायले निकासा खर्च भिडान भएको आर्थिक विवरण र कारोबारलाई पारदर्शी र दुरुस्त वनाउनु पर्दछ । विवरण निम्न अनुसार छ । | |

| सि.नं. | अनुदान शिर्षक | रकम रु. |
|---|---|---|

<table>
<tr><th></th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td><table>
<tr><td>१</td><td>वित्तिय समानिकरण अनुदान</td><td>२७०५०००.००</td></tr>
<tr><td>२</td><td>सर्शत अनुदान</td><td>१००००००००.००</td></tr>
<tr><td>३</td><td>अन्य</td><td>२४४१०००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१५१४६०००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५.</td><td>बैंक हिसाव मिलान:- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ (२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ। महालेखा परीक्षकबाट स्वीकृत म.ले.प. फाराम बैंक हिसाव मिलान विवरण तयार गरेको देखिएन । बैंक हिसाव मिलान विवरण तयार नगरेबाट श्रेस्ताबाट देखिएको मौज्दात रकमको वास्तविक बैंक मौज्दात रकम भिडान हुदैन । आर्थिक वर्षको अन्त्यमा श्रेस्ताबाट रु. १२५२४६०२३।३८ मौज्दात देखिएकोमा बैंक स्टेटमेन्टबाट बर्षान्तमा रु. १९३९७१७१०।३८ देखिएबाट रु. ६८७२५६८७०० फरक परेको रकमको एकीन गरी हिसाव मिलान हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>६.</td><td>सञ्चित कोष फिर्ता:- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा कार्यालयले तोकिएको समयमा खाता वन्द गरी वर्षान्तमा खर्च खातामा मौज्दात बाकी रहेको रकम सञ्चित कोष खातामा फिर्ता गर्नु पर्ने व्यवस्था छ । कार्यालयले तोकिएको समयमा खर्च खाताहरु वन्द नगरी स्थानीय सञ्चितकोष खाताबाट आर्थिक वर्ष २०७५/०७६ को लागि पूँजिगत खर्च खातामा २०७६/४/१५ मा रु. ५००००००।०० रकम ट्रान्सफर गरी खर्च भई बाँकी रहेको रु. ४०३९४३६७।३० र चालु खर्चखातामा मिति २०७६।०४।१५ मा रु. २००००००।०० रकम ट्रान्सफर गरी खर्च भई बाँकी रहेको रु. २५१०९९२२।४८ समेत रु. ६५५०४२८९।७८ मिति २०७६।०७।२८ मा स्थानीय सञ्चित कोष खातामा फिर्ता गरेको देखिएकोले समयमा खाता वन्द नगरी पछिल्लो आर्थिक वर्षमा समेत कारोबार भएको देखिन्छ । समयमा खाता वन्द नगरी अर्को वर्षमा समेत कारोबार भईरहदा आर्थिक कारोबारको यथार्थता एकीन हुन नसक्ने देखिन्छ । नियममा व्यवस्था भए अनुसार समयमा खाता वन्द गरी मौज्दात बाँकी रकम आर्थिक वर्षको अन्त्यमा सम्बन्धित कोषमा फिर्ता हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>७.</td><td>आयव्यय विवरण सार्वजनिक नगरेको :- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (४) मा कार्यलयले आफ्नो आय व्ययको विवरण प्रत्येक महिनाको ७ गते भित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मासिक आय र व्ययको यथार्थ एकीन गर्ने कार्यमा असर पर्नुको साथै पारदर्शिता नहुने देखिन्छ । आय र व्ययको मासिक विवरण तयार गरी प्रत्येक महिनाको सात गते भित्र सार्वजनिक हुनु पर्दछ।</td><td></td></tr>
<tr><td>८.</td><td>वजेट रकमान्तर :- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सिमा र शीर्षक बाहिर गई वजेट खर्च गर्न नपाउने व्यवस्था छ। कार्यपालिकाको २०७६।०१।२९ को वैठकबाट आर्थिक वर्ष २०७५।७६ को भवन निर्माणमा विनियोजित वजेट रु. ५० लाख र फर्निचर एण्ड फिक्चर्समा विनियोजित वजेट रु. २५ लाख समेत रु. ७५ लाख काम नभएकोले ४ वटा डि.पि.आर. तयार गर्नको लागि रु. ६५ लाख र स्वाइल टेष्ट गर्न रु. १० लाख रकमान्तर गरेकोले ऐन नियमानुसार भएको देखिएन । सभाले स्वीकृत गरेको सिमा शिर्षक बाहिर गई वजेट रकमान्तर गरी खर्च गर्दा ऐन नियमको कार्यान्वयनमा असर पुगेको छ। ऐनमा भएको व्यवस्था बमोजिम सभाले स्वीकृत गरेको सीमा र शिर्षक बाहिर गई वजेट रकमान्तर गरेको आधार स्पष्ट हुनु पर्दछ।</td><td></td></tr>
<tr><td>९.</td><td>खर्च सम्बन्धि कानून नबनेको :- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ मा गाउँपालिका तथा नगरपालिकाको कोषमा जम्मा भएको रकम खर्च गर्ने सम्बन्धि व्यवस्था स्थानीय कानून बमोजिम हुने व्यवस्था छ । नगरपालिकाले कोषमा जम्मा भएको रकम खर्च गर्ने सम्बन्धि व्यवस्थाको स्थानीय कानून बनाएको देखिएन । स्थानीय कानून नबनाएकोले कार्यपालिकाबाट खर्च हुने रकमहरुको कार्यान्वयन प्रक्रियामा असर पर्दछ। स्थानीय सञ्चित कोषमा जम्मा भएको रकम खर्च गर्दा स्थानीय कानून बनाएर खर्च हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>१०.</td><td>केन्द्र बिबाद :- नेपाल सरकारले राजपत्रमा २०७४।२।११ मा सूचना प्रकाशन गरी कर्जन्हा नगरपालिकाको केन्द्र साविक कर्जन्हा गा.वि.स. भवन, वगाहा गाउँलाई तोकेको छ । कर्जन्हा नगरपालिका १ वस्ने वाग वहादुर दनुवार र वडा नं. ३ का ओम प्रकाश महतोले नगरपालिकाको पायक पर्ने र भौतिक संरचना भएको वगाहावाट वडा नं. ११ कर्जन्हा गाउँमा अर्काको घरवाट नगरपालिकाको कामकाज र आर्थिक</td><td></td></tr>
</table>

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | कारोवार गरेकोले तोकिएको साविक गा.वि.स भवन वगाहावाटै कार्यालय संचालन गरी पाउं भनी मेयर, प्रमुख प्रशासकिय अधिकृत र नगरपालिकालाई विपक्षी बनाई उच्च अदालत जनकपुर राजबिराज इजलासमा अन्तरिम आदेश र परामादेश आदेश जारी गर्न २०७५।२।२ मा निवेदन दर्ता गरेको देखियो । उच्च अदालतवाट २०७५।२।११ मा विपक्षीहरुको नाममा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ३ र ४ अनुसार केन्द्र हेरफेर गर्ने अधिकार प्राप्त निकायवाट हेरफेर भएको छैन, हेरफेरको प्रक्रियामात्र प्रारम्भ भएको आधारमा सो प्रक्रिया निर्णय नभएसम्म फेरवदल भएको मान्न मिलेन । आधिकारिक निकायवाट केन्द्र हेरफेर नभएसम्म र मुद्दाको अन्तिम निर्णय नभएसम्म राजपत्रमा तोकिएको स्थानमा वाहेक अन्यत्रवाट कामकाज नगर्नु नगराउनु भनी विपक्षीहरुका नाममा अन्तरिम आदेश जारी गरेको देखियो । अदालतको अन्तरिम आदेश पछि लेखापरीक्षण अवधि २०७६।०९।०३ सम्म पनि केन्द्र तोकिएको स्थानवाट कार्यालयको कामकाज गरेको नपाइएकोले आपसी समझदारी, समन्वय र सहमती कायम गरी केन्द्र विवादको समाधान गरी अदालतको अन्तरिम आदेशको पालना गर्नुपर्दछ । | |
| ११. | **कार्ययोजना नभएको:-** स्थानीय तहमा बजेट तर्जमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्त्रण सम्बन्धि निर्देशिका २०७४ को वुदा २.९ मा नगरसभा बाट स्वीकृत वजेटको प्रभावकारी कार्यान्वयनको लागी समयसिमा सहितको कार्य योजना वनाई कार्य सम्पादन गर्नुपर्ने व्यवस्था छ । नगर सभाबाट स्वीकृत वजेट रु. ३२२२०५०००।०० को समय सिमा सहितको कार्ययोजना वनाएको देखिएन । स्वीकृत वजेटको समय सिमा सहतिको कार्ययोजना नवनाउदा बजेट कार्यान्वयन प्रभावकारी नहुन सक्दछ । स्वीकृत बजेट कार्यन्वयनलाई प्रभावकारी वनाउन समय सिमा सहितको कार्ययोजना वनाई वजेट कार्यन्वयन हुनु पर्दछ । | |
| १२. | **एकमुष्ट बजेट विनियोजन** :- स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७१ मा सभाले योजना तथा कार्यक्रम सहितको बजेट पारित गर्ने व्यवस्था छ । गाँउ सभाले पारित गरेको सुरु बजेटमा निम्नानुसारका बजेट योजना तथा कार्यक्रमगत नभइ एकमुष्ट बजेट विनियोजन गरि पछि छुट्याइएको छ योजना तथा कार्यक्रमगत बजेट विनियोजन नगरी पछि योजना छुट्याउदा योजना छनौट कार्य प्रभावकारी नहुन सक्दछ । सुरु बजेट विनियोजन गर्दा योजना तथा कार्यक्रमगत रकम विनियोजन गरी एकमुष्ट बजेट विनियोजन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । यस वर्ष एकमुष्ट बजेट विनियोजनको क्षेत्र निम्न छ । | |

| सि.नं. | विनयोजन गरेको क्षेत्र | रकम रु. |
|---|---|---|
| १ | भबन निर्माण | ५000000.00 |
| २ | निर्मित भबनको संरचनात्मक सुधार | १000000.00 |
| ३ | सडक तथा पुल निर्माण | ६४५00000.00 |
| ४ | विद्युत संरचना निर्माण | १५00000.00 |
| ५ | सिंचाई संरचना निर्माण | १५00000.00 |
| ६ | सरसफाई संरचना निर्माण | १000000.00 |
| ७ | पूँजीगत अनुसन्धान तथा परामर्श | १000000.00 |
| ८ | पर्यटन क्षेत्र बिकास | २000000.00 |
| ९ | प्रवर्द्धनात्मक खर्च | ३३0२000.00 |
| १० | नदी नियन्त्रण | २५00000.0 |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | |
|---|---|---|
| | | ० |
| ११ | समपुरक कोष | ३००००००.०० |
| १२ | दलित बालबालिका शिक्षा सुधार | २५०००००.०० |
| १३ | शिक्षा | २००००००.०० |
| १४ | स्वास्थ्य | १००००००.०० |
| १५ | कृषि | २००००००.०० |
| १६ | पशु सेवा | १००००००.०० |
| १७ | महिला विकास | ५०००००.०० |
| १८ | नगरप्रमुख कोष | १०००००००.०० |
| १९ | नगरउपप्रमुख कोष | ६००००००.०० |
| **जम्मा** | | १११३०२०००.०० |

१३. **स-साना योजना छनौट** :- स्थानीय सरकार संचालन ऐन , २०७४ को दफा ७१ मा योजना तथा कार्यक्रम सहितको आय व्ययको बजेट सभाले पारित गर्ने व्यवस्था छ । सभाले पारित गरेका योजना तथा कार्यक्रमहरु साना र धेरै योजनाहरु छनौट भई कार्यान्वयन भएको देखिन्छ ।यसरी स-सना योजनाहरु छनोट हुँदा बढी प्रतिफल दिन नसक्ने, दिगो योजनाहरु कार्यान्वयन नहुने, प्रभावकारी अनुगमन नहुने प्रशासनिक खर्च बढी हुने तथा दिगो तथा गुणस्तरीय विकासमा वाधा पुग्ने र समग्र योजना कार्यान्वयनमा समेत समस्या हुने देखिन्छ । नगरपालिकाले योजना छनोट गर्दा उत्पादन र उत्पादक्त्व बढ्ने तथा आम नागरिकको जिवनस्तर माथि उकास्ने योजना तथा कार्यक्रम सञ्चालन गरिनु पर्दछ । नगरपालिकाले धेरै प्रतिफल दिनसक्ने ठुला योजनाहरु छनौट गरी योजनाको दिगोपनामा जोड दिई धेरै स-साना योजना छनौट गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।यस वर्ष नगरपालिकाले सञ्चालन गरेका टुक्रे योजनाको विवरण निम्न छन ।

| योजना | संख्या | खर्च रकम रु. |
|---|---|---|
| रु ५ लाख भन्दा कमका योजना | १७३ | ४२६६०७५०.०० |
| रु ५ लाख भन्दा माथि रु १० लाख सम्मका योजना | २५ | १९७००५६३.०० |
| रु १० लाख भन्दा माथिका योजना | ३२ | ७५९१३२१७.०० |

१४. **आन्तरिक लेखापरीक्षण** :-आर्थिक कार्यविधि नियमावली, ०६४ को नियम ९६ मा कार्यालय प्रमुखले राजश्व, धरौटी तथा बिनियोजतर्फको आन्तरिक लेखापरीक्षण गराई देखिएको बेरुजु फछ्र्यौट गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी लेखापरीक्षण गराउनु पर्नेमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण अन्तिम लेखापरीक्षणको समयमा भएको छ । चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्नेमा ढिला गरेको कारण आन्तरिक नियन्त्रण कमजोर हुने र आर्थिक कारोवारमा रहेका कमी कमजोरी समयमै सुधार गर्न नसकिने भई अन्तिम लेखापरीक्षणलाई समेत

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | समय र लागत बढी लाग्न जाने हुन्छ । अतः ऐन नियमको व्यवस्था अनुसार चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आर्थिक कारोवारलाई नियमित र पारदर्शी बनाउन ध्यान दिनु पर्दछ । | |
| १५. | **खर्च गर्ने अख्तियारी र कार्यविधि :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिव अधिकृत भए कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ को आय व्ययको प्रक्षेपण २०७५।०३।३१ मा सभावाट स्वीकृत भएको र स्वीकृत भएको ७ दिन भित्र नै प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी उपलव्ध गराएको देखिएन । खर्च गर्ने आर्थिक कार्यविधि नवनाएको कारण आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम संचालन गर्ने उल्लेख गरेको छ । | |
| १६. | **नक्सा पास नभएको:-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा नगरपालिकाका क्षेत्रभित्र निर्माण हुने भवनको नक्सा पास गराउनु पर्ने व्यवस्था छ । यस नगरपालिका क्षेत्रभित्र निर्माण हुने कार्यालय र निजी घरहरुको नक्सा पास गराएको देखिएन । नक्सापास नगराई घरनिर्माण हुदा स्वीकृत मापदण्ड पुरा नभएको सुनिश्चित नहुने र नगरपालिकालाई प्राप्त हुनु पर्ने आम्दानी समेत हुन नसकेको देखियो । आफ्नो क्षेत्राधिकार भित्र निर्माण हुने घरहरु नक्सापास गराएर निर्माण हुनु पर्ने कार्यलाई प्रभावकारी वनाउनु पर्दछ । | |
| १७. | **योजना वनाई कार्यान्वयन गर्नेः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना वनाई लागू गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले यस्तो योजना वनाएको देखिएन । योजना नवन्दा योजनावद्ध विकास निर्माणका कार्यहरु कार्यान्वयन नहुने देखिन्छ । तोकिएका योजनाहरु वनाई योजनावद्ध कार्यान्वयन गरिनु पर्दछ । | |
| १८. | **चौमासिक पूँजीगत खर्च** :-आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार पुँजिगत तर्फ कुल खर्च रु.१४ करोड ६८ लाख ३१ हजार रहेकोमा प्रथम चौमासिकमा १.६२ प्रतिशत, दोश्रो चौमासिकमा १०.२७ प्रतिशत र तेश्रो चौमासिकमा ८८.१० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्रै ६९.१४ प्रतिशत खर्च भएकोले आषाढमा आएर खर्चको चाप वढेको कारण सनतुलित खर्च व्यवस्थापन भएको देखिएन । | |

| क्र. सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | वित्तिय समानीकरण पूँजीगत संघीय सरकार | १०००००००० | २३८३९७३।७० | १५०८२९८३ | ८२५३३०४३।३० | ५४६९१७३३।३० |
| २ | गत बर्षको अ.ल्या. | ४४२९९५७३।७० | ० | ० | ४४२९९५७३।७० | ४४२९९५७३।७० |
| ३ | नेपाल पर्यटन बोर्ड | ५००००००।० | ० | ० | ५००००००।० | ५००००००।० |
| ४ | सडक बोर्ड नेपाल | ८०११४१।० | ० | ० | ८०११४१।० | ८०११४१।० |
| ५ | झोलुंगे पुल क्षेत्रगत कार्यक्रम | १२३०५६४।० | ० | ० | १२३०५६४।० | १२३०५६४।० |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | १४६८३१२७८.७ ; २३८३९७३।७० ; १५०८२९८३ ; १२९३६४३२२.०० ; १०१५२३०१२.०० | |
| १९. | **आन्तरीक नियन्त्रण प्रणाली:-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानुन वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ । यस नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको पाईएन । आन्तरिक नियन्त्रण प्रणाली बनाई नियन्त्रण व्यवस्था प्रभावकारी बनाउनु पर्दछ । | |
| २०. | **राजश्व अभिलेख :-** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस नगरपालिकाले राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । राजश्व आम्दानीको दैनिक अभिलेख खाता नराखेको, बैंक दाखिला अभिलेख खाता नराखेको, समयमा बैंक दाखिला नभएको आदि कारणवाट नगरपालिकाको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । नगरपालिका तथा वडा कार्यालयहरुबाट प्राप्त हुने राजश्वको दैनिक आम्दानी खाता, आम्दानी बैक दाखिला खाता नराखेको, ढिला दाखिला गरेको आदि कारणहरुले मालपोत तथा अन्य सिफारीश बापतको राजश्व वडा अध्यक्ष तथा वडा सचिबबाट जे जति दाखिला भयो बैकं दाखिलालाई आधार लिई हिसाब यकिन नगरी नगरपालिकाले आम्दानी जनाएको रु. ३४९७८०४।०७यथार्थपरक देखिएन । आन्तरीक नियन्त्रण प्रणालीलाई मजबुत बनाई बास्तबिक राजश्व रकम यकिन हुनु पर्दछ । | |
| २१. | **रसिद नियन्त्रण खाता :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी प्राप्त गर्दा नगदी रसिद कट्टी गरी त्यसलाई दैनीक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । कार्यालयले राजश्व असूलीमा प्रयोग हुने रसिद के कति छपाई गरेको, गत विगतका बाँकी रसिद  र यो वर्ष कति खर्च भई के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ तथा वडाहरुमा के कति रसिद पठाएको हो सो खुल्ने रसिद नियन्त्रण खाता राख्ने नगरेकोले राजश्व असुलीमा प्रयोग हुने रसिद उपर्युत्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन । रसिदको प्रयोगलाई रसिद नियन्त्रण खाता राखी व्यवस्थित बनाउनुपर्दछ । | |
| २२. | **धरौटी :-** गत वर्षको धरौटी जिम्मेवारी रकम रु.४,४२,४०५।०० रहेको र यो वर्ष जम्मा रु. रु.१,४५,०००.०० आम्दानी समेत जम्मा रु. ५,८७,४०५।०० मौज्दात बाँकी देखाएको छ । पुरानो धरौटीको व्यक्तिगत धरौटी खाता तयार गरेको छैन धरौटीको पुरा विवरण खुल्ने गरी  यथार्थ विवरण तयार गरी दायित्व हिसावको अद्यावधिक गरिनु पर्दछ । | |
| २३. | **स्थानीय तथ्यांक र अभिलेख :-** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम पालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख व्यवस्थापन गनु पर्दछ । नगरपालिकाको GIS Mapping, Road Inventoryप्रोफाईलिङ्गको सम्पूर्ण कार्य पुरा भएको देखिएन । सवै क्षेत्रको तथ्यांक संकलन गरी अभिलेखीकरण गर्न आवश्यक देखिन्छ । | |
| २४. | **न्यायीक समिति :-** नगरपालिका उपाध्यक्षको संयोजकत्वमा नगरसभाले तोकेको २ सदस्य समेतको समिति गठन गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम पर्न आएका निवेदनको निर्धारित समयमा कारवाही प्रक्रिया पुरा गरी न्यायीक समितिले अपनाउने निर्णय तथा कारवाही टुङ्गो लगाउनु पर्ने देखिन्छ । न्यायीक समितिले तोकिए बमोजिम न्यायिक निरुपण गरी मुद्दा फछ्र्यौटमा सक्रियता ल्याउनु पर्दछ । | |
| २५. | **अभिलेख अद्यावधिक:-**स्थानीय सरकार संन्चालन ऐन, २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तीको अभिलेख अद्यावधिक गरी रेखदेख, मर्मत सम्भार र अन्य प्रवन्ध गर्नुपर्ने प्रावधान रहेको छ । | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | कार्यालयले नगर सभावाट स्वीकृत भएका योजना तथा कार्यक्रम, संशोधित कार्यक्रम, संचालित र सम्पन्न भएका योजना तथा कार्यक्रम र अधुरा योजनाको अभिलेख अद्यावधिक गर्ने कार्य गरेको देखिन आएन । खर्च भुक्तानीको गौश्वरा भौचर र सोसंग संलग्न कागजातको आधारमा मात्र भुक्तानी दिने गरेको छ । जसले गर्दा कुन कार्यक्रम वा योजना गाँउ सभावाट स्वीकृत वा संशोधन भएको हो वा होइन खुलाउन कठिनाई हुन जानुको साथै कुन काम कस्तो गुणस्तर र परिमाणमा सम्पन्न भयो वा हुन नसकी अधुरो रहन गएको छ, स्वीकृत मध्ये कुन – कुन कार्य भए र कुन-कुन कार्य हुन सकेन र नगरसभावाट स्वीकृत नभएका कार्यक्रम संचालन गरिए वा नगरिएको सम्वन्धमा यकिन हुन सकेन । यस सम्वन्धमा आवश्यक छानविन गरी यथार्थता यकिन गरिनु पर्दछ । | |
| २६. | **शिर्षकगत आर्थिक विवरण** :-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (५) मा स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी सम्बन्धित निकायमा पठाउनु पर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय सन्चित कोषको शीर्षकगत विवरण तयार गरेको देखिएन । शीर्षकगत विवरण तयार नगरेबाट शीर्षकगत आय व्ययको यथार्थता एकीन हुन नसक्ने देखियो । स्थानीय सञ्चित कोषको आय व्यय हिसावको यथार्थताको लागी शीर्षकगत देखिने गरी अभिलेख राखी चौमासिक विवरण तयार गरी सम्बन्धित निकायमा पठाउनु पर्दछ । | |
| २७. | **आन्तरिक आय** :- नगरपालिकाले पेश गरेको आय व्यय विवरणमा आन्तरिक राजस्वमा जम्मा रु. ३४९७८०४।०७ आम्दानी भएको देखाएको छ । जुन गत वर्ष भन्दा ९.३० प्रतिशतले घटी हो । नगरपालिकाले आन्तरिक आय प्रक्षेपण गरेको छैन । त्यस्तै आन्तरिक आम्दानीको स्रोत पहिचान नगर्नुका साथै भएका स्रोतहरुबाट के कति राजस्व संकलन गर्न सकिन्छ भनि त्यसको विश्लेषण समेत गरेको छैन । गत वर्षभन्दा आन्तरिक आम्दानीको श्रोत घट्नुको सम्बन्धमा छानविन हुनुपर्दछ । यसरी नगरपालिका क्षेत्रको विकास गर्न आफ्नै आन्तरिक श्रोतलाई परिचालन गरी संघीय सरकार र प्रदेश सरकारको अनुदानमा कमी ल्याउन समेत आन्तरिक आम्दानीको स्रोत पहिचान गरी आन्तरिक आम्दानी मजबुत बनाउनु पर्दछ । | |
| २८. | **सेवा करार** :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ मा कार्यालयले रु १ लाख रुपैंया भन्दा बढी शुल्क लाग्ने सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग प्रतिस्पर्धाको आधारमा प्रस्ताब माग गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । सो विपरीत गाँउपालिकाले २३ जना कर्मचारी सोझै बार्ताद्धारा नियुक्ती गरी रु. ५५४९३८५।६९ खर्च लेखेको पाइयो । नियममा व्यवस्था भए अनुरुपको प्रक्रिया पूरा गरी प्रतिस्पर्धात्मक मुल्यमा सेवा करार लिनुपर्दछ । | |
| २९. | **तलवी प्रतिवेदन** :- स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलवी प्रतिवेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलव खर्च लेख्नुपर्नेमा कार्यालयले कर्मचारीको तलव रु २५४४०९९३।०० खर्च लेखेकोमा तलवी प्रतिवेदन पारित गरेको छैन । तलवी प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नुपर्दछ । | |
| ३०. | **जिन्सी सम्पत्ती**:- आर्थिक कार्यविधी नियमावली, २०६४ को परिच्छेद ६ नियम ४६ देखि ५६ सम्म सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षाण, सम्पत्तीको निरीक्षण लगायत बिभिन्न व्यवस्थाहरु गरेको छ । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १३ मा स्थानिय तहको सम्पत्ति संरक्षण सम्वन्धी व्यवस्था गरेको छ । आर्थिक वर्ष २०७५।०७६ मा खरिद गरिएका माल वस्तु तथा सम्पत्तिहरु जिन्सी खातामा आम्दानी बाधी जिन्सी निरिक्षण प्रतिवेदन तयार गरेको भए पनि गत वर्षसम्मको खर्च भएर नजाने जिन्सी सामाग्रीलाई एकिकृत गरी जिन्सी खाता तयार गरेको छैन त्यस्तै नगरपालिका भित्रका विभिन्न शाखाहरुले फरक फरक जिन्सी खाताहरु राखेको देखिन्छ । यसरी एउटै कार्यालयले फरक फरक जिन्सी खाताहरु प्रयोग गर्दा सामाग्रीहरुको गलत प्रयोग हुन सक्ने नगरपालिकाको वास्तविक सम्पत्ति एकिन गर्न नसकिने तथा खर्च र मौज्दात वास्तविक नहुन सक्ने तथा अनावश्यक जिन्सी सामाग्री खरिद हुन सक्ने देखिन्छ । नगरपालिकाले तत्काल स्वीकृत म.ले.प. फारमहरुको प्रयोग गरी गत वर्षसम्म खरिद गरी आम्दानी जनाएका खर्च भएर नजाने जिन्सी सामाग्रीहरु समेत समावेश गरी | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | एकिकृत जिन्सी खाता तयार गर्नु पर्दछ । | |
| ३१. | स्वास्थ्य शाखाले गो.भौ.नं. १५ मिति २०७५।०९।१३ मा आदित्य कम्प्युटर एण्ड मेन्टेनेन्स सेन्टरबाट एक थान कम्प्युटर तथा प्रिन्टर रु. ९९८९२।०० मा खरिद गरेकोमा उक्त जिन्सी सामाग्रीको खर्च भएर जाने जिन्सी सामाग्रीमा आम्दानी बाधेको देखिएकाले खर्च भएर नजाने जिन्सी खातामा आम्दानी बाध्नु पर्ने रु. . | ९९८९२.०० |
| ३२. | नगरपालिकाका १७ जना कार्यपालिका सदस्यलाई रु. १६५०५.६५ पर्ने जम्मा रु. २८०५९६.०५ को सामसुङ मोवाइल दिएको देखिएकाले उक्त वितरण गरेको नियम संगत देखिदैन । नितान्त व्यक्तिगत प्रयोग हुने मोवाइल सदस्यहरुलाई वितरण गर्दा सार्वजनिक स्रोतको दुरुपयोग हुने तथा विकास निर्माणका काममा वजेट अभाव हुन सक्दछ । यस कार्यको नियन्त्रण हुनुपर्दछ । | २८०५९६.०५ |
| ३३. | **बरवुझारथ नगरेको :-** आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम ५५(१) मा आफ्नो जिम्मा भएको नगद, जिन्सी मालसामान आफु कार्यरत कार्यालय छाडी जाँदा वरवुझारथ गर्नुपर्ने कानुनी व्यवस्था छ । स्टोर शाखाको जिम्मेवारी सम्हालेका ना.सु. श्री बलिराम यादवले कर्जन्हा न.पा. बाट सरुवा भई सिरहा न.पा. गएकोमा आफुले जिम्मा लिएको स्टोर शाखाको सम्पूर्ण जिन्सी सामाग्री बरबुझारथ नगरी सिरहा न.पा. मा रमाना समेत नलिई गएको देखिएकाले जिम्मामा भएको सरकारी सम्पत्तिको बरबुझारथ नगरी अन्य कार्यालयमा हाजिर गर्नु गराउनु कानून विपरित देखिन्छ । आर्थिक वर्ष २०७४।७५ सम्म नगरपालिका तथा वडा कार्यालयहरुको नाममा के कति जिन्सी सामाग्री थिए के कति खर्च भए सो को यथार्थ अवस्था समेत नदेखिएकाले आवश्यक छानविन गरी कारवाही हुनु पर्दछ । | |
| ३४. | **विद्युतिय लेखा :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई नगरपालिकाले Sub National Tresury Regulatory application (SUTRA)प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले सफ्टवयरको प्रयोग नगरी म्यानुअल प्रणालीमा लेखा राखेको छ । यस तर्फ तत्काल सुधार गर्नु पर्दछ । | |
| ३५. | **सार्वजनिक परिक्षणः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सार्वजनिक सुनुवाई गरी सेवाग्राहिले उपस्थिति जनाएको माईन्यूट गरेता पनि सार्वजनिक परीक्षण गरी सेवा प्रवाहमा सुधार गरेको छैन । | |
| ३६. | **प्रगति विवरणः-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ (३) मा नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति विवरण १५ दिन भित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था छ । चौमासिक प्रगति विवरण तयार भएको देखिएन । प्रगति विवरण तयार नगरेबाट भए गरेको खर्चको यथार्थ विवरण को जानकारी नहुने देखिन्छ । नगरपालिकाले कानूनमा व्यवस्था भएअनुसार तोकिएको समयमा प्रगति विवरण तयारी गरी पेश हुनु पर्दछ । | |
| ३७. | **जिम्मेवारीः-** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिका तथा नगरपालिकामा समाहित भएका साविकका विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| ३८. | **स्थानीय तहका पदाधिकारी सुविधाः-** नेपालको संविधानको धारा २२७ मा गांउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार २ नं. प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार कर्जन्हा नगरपालिकाले देहाय बमोजिम यस वर्ष रु. १९२५४०१९।०० सुविधा वापत भुक्तानी भएको छ । | |

| सि. | विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिका | सभाका | जम्मा |
|---|---|---|---|---|---|---|---|

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| नं. | | यक्ष | | ११ जना | सदस्य ७जना | सदस्य ३९ जना | |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ३५००० | ३१००० | २२००० | २२००० | ७००० | गत वर्ष : ७९५४०१९<br>यस वर्ष : ९५५५०००<br>जम्मा : १७५०९०१९ |
| २ | सञ्चार सुबिधा (मासिक दरमा) | | | | | | |
| ३ | बैठक भत्ता (बैठक संख्याको आधारमा) | १००० | १००० | १००० | १००० | १००० | १७४५००० |
| | **चालु आ.व.जम्मा** | | | | | | ११३०००००.०० |
| | **गत वर्ष जम्मा** | | | | | | ७९५४०१९।०० |
| | **कुल जम्मा** | | | | | | १९२५४०१९.०० |

३९. **परामर्शको लागत अनुमान :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा स्वीकृत नर्म्स बमोजिम परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सर्भे कार्यको लागि रिगंरोड  वडा नं. १० को जिवाखोला सूर्य सिमेन्टदेखि वडा नं. ८ को गौतारी हुँदै भावरीसम्म १९ कि.मी. डि.पि.आर. तयार गर्न प्रति कि.मी. रु. ९२०९४।७७ ले १९ कि.मी. को रु. १७४९८००।५३ र रिगंरोड वडा नं. ८ देखि वडा नं. ७ को प्रेम नगर सल्हेश मन्दिर जोड्दै कमला बाँध हुँदै उत्तरायणीसम्म डि.पि.आर. तयार गर्न रु. ९२०९४।७७ ले १९ कि.मी. को रु. १७४९८००।५३ अनुमान तयार गरी शिलवन्दी दरभाहु माग गरी कार्य गराएको देखियो । लागत अनुमान तयार गर्दा आइटमगत लागत सर्भे कार्यको रु. ३९०३५।१० मा सर्भे मेटरियल्स १०%, स्टेशनरी २५% र विविध ५% जोडेर रु. ५४६४९।१४ कायम गरेको र डिजाइन कार्यको २९९५६।५० मा स्टेशनरी २०% र विविध ५% जोडेर ३७४४५।६२ समेत प्रति कि.मी. रु. ९२०९४।७७ लागत तयार गरेकोमा स्टेशनरी, सर्भे मेटरियल र विविधमा प्रतिशत जोड्न मिल्ने नर्म्स एवं आधार पेश भएन । लागत अनुमान तयार गरेको नर्म्स एवं आधार पेश नहुँदा लागत अनुमानको यथार्थता एकीन हुँदैन । लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार हुनुपर्दछ ।

४०. **कामको नापजांच र नापी कितावः-** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७६ मा स्थानिय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढांचामा राख्नुपर्ने, सार्वजनिक खरिद ऐन तथा नियमावलीमा विकास योजना तथा कार्यक्रममा भएको कामको तोकिएको प्राविधिकबाट तोकिए बमोजिम नापजांच र प्राविधिक पुष्याई गर्नुपर्ने प्रावधानहरु रहेको छ । कार्यालयले योजना तथा कार्यक्रममा भएको कामको नांपजाच र जांचपास गर्दा केहि योजना तथा कार्यक्रमहरुमा लुज सिटको पानामा नापजांच गरी प्रविष्टि गरेको छ भने केहि योजना तथा कार्यक्रमको हार्डकपि नापी किताबमा योजना वा कार्यक्रम पिच्छे छुट्टा छुट्टै प्रविष्टि गर्ने गरेको छ । लुज सिटमा प्रविष्टि गर्दा कुनैमा Measurement sheet, कुनैमा Detail measurement sheet, कुनैमा Cost valuationवा खर्च बिबरण आदि उल्लेख गरी प्रविष्टि गरेको छ । यस प्रकार गरेको नापजांचको अभिलेख अद्यावधिक गरी नराखेको तथा र रनिङविलहरु  तथा कार्य सम्पन्न प्रतिवेदन पनि तोकीएको ढाँचामा राखेको छैन जस्ले गर्दा अघिल्लो विलको कामको परिमाण र रकम नखुल्ने दाहोरो भुक्तानी हुन सक्ने अवस्था रहन्छ । त्यसैगरी कतिपय योजनाहरुमा नापजांच गर्दा कुनै आइटममा कार्य परिमाण उल्लेख गरेको छ भने कुनै आइटममा कार्यको परिमाण उल्लेख नगरी सो कार्यको लागी खरिद वा आपूर्ति भएका मालसमानको विवरण र सोको खपत परिमाण उल्लेख गर्ने गरेको देखियो । यसबाट योजनामा वास्तविक भएको कार्य र सोको परिमाण खुल्न सकेन । यसमा यथार्थता यकिन गरी तत्काल सुधार गरिनु पर्दछ ।

४१. **मुल्य अभिबृद्धि करः-** आर्थिक ऐन २०७६ बमोजिम कार्यालयले भुक्तानी दिने ठेक्का रकमको मूल्य अभिबृद्धि कर रकमको ५० प्रतिशतले हुने रकम भूक्तानीमा कट्टा गरी सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा जम्मा गर्नुपर्ने व्यवस्था छ । निम्न ठेक्कामा दिएको मूल्य अभिबृद्धि करको ५० प्रतिशतले हुने रकम कट्टा

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | गरी दाखिला गरेको देखिएन । समयमा ऐन तथा परिपत्रको जानकारी नभएको कारणले मू.अ. कर रकम दाखिला नभएको हुन सक्दछ । कार्यालयले भूक्तानीमा कट्टा गरी दाखिला गर्नुपर्ने रकम दाखिला नहुँदा समयमा राजश्व आम्दानी नहुने देखियो । ऐनमा व्यवस्था भए अनुसार तल उल्लेखित मू.अ. कर भूक्तानीको ५० प्रतिशत रकम राजश्वमा दाखिला नभएको रकम दाखिला हुनुपर्ने रु. | ९६६४८८.८२ |

| गो.भौ.नं./ मिति | निर्माण व्यवसायीको नाम | मु.अ.कर भुक्तानी रकम रु. | ५० प्रतिशतले हुने रकम रु. |
|---|---|---|---|
| ७५/२०७६/२/२९ | इस्टर्न मिडिया प्रा.लि. | २२८६७०.०० | ११४३३५.०० |
| ७६/२०७६/२/२९ | ओपन मिडिया एण्ड कन्सलटेन्सी प्रा.लि. | ५६५५०.०० | २८२७५.०० |
| ७७/२०७६/२/२९ | कमन इन्नटरनेशन मिडिया प्रा.लि. | ५७२००.०० | २८६००.०० |
| ७८/२०७६/२/३० | जयमाता दुर्गा अटो मोवाइल | २८७४९.०० | १४३७४.५० |
| ८१/२०७६/२/३१ | ह्वाइट पर्ल मिडिया प्रा.लि. | २२८२८०.०० | ११४१४०.०० |
| ८२/२०७६/२/३१ | इन्टरफेस आइटी सोलुशन | ४०२६५.४२ | २०१३२.७१ |
| ९९/२०७६/३/१६ | न्यूज इष्ट मिडिया प्रा.लि. | १३६५००.०० | ६८२५०.०० |
| १२०/२०७६/३/१६ | केशरी चन्द भवरलाल | ३५३०८०.०० | १७६५४०.०० |
| १९४/२०७६/३/३० | स्ल्याव कन्सलटेन्ट प्रा.लि. | २०२८००.०० | १०१४००.०० |
| १९५.२०७६/३/३० | जियो रिसर्च एण्ड ल्याव प्रा.लि. | १५९०४४.६० | ७९५२२.३० |
| १९६/२०७६/३/३० | इनार्क इन्जिनियरिङ प्रा.लि. | ११४१९२.०० | ५७०९६.०० |
| २३५/२०७६/३/३० | समिट अटो पार्ट एण्ड जनरल सप्लायर्स | १७१६००.०० | ८५८००.०० |
| २/२०७६/३/१६ | नौतम कन्स्ट्रक्सन प्रा.लि. | १५६०४६.६३ | ७८०२३.३१ |
| **जम्मा** | | **१९३२९७७.६५** | **९६६४८८.८२** |

| | | |
|---|---|---|
| ४२. | **व्यवसाय कर** :- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा लगत राखी सम्पूर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा नगरपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । नगरपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ४३. | **सवारी कर** :- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग अबिलम्ब समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| | **स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम** | |
| ४४ | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड ख बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र जनसहभागितको अंशकट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | व्यवस्था छ । सडक कालोपत्रे आयोजना कार्यका लागि सडक कालोपत्रे उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराउँदा तल उल्लेखित आइटमहरुमा ओभरहेड समेत समावेश गरेर भुक्तानी गरेको देखिएकाले बढी भुक्तानी भएको रकम रु.४०१०६६.३२ सम्बन्धितवाट असुल हुनु पर्दछ । | ४०१०६६.३२ |

| आइटम नं. | कार्य विवरण | ओभरहेड सहितको दर | ओभरहेड बाहेकको दर | फरक दर | परिमाण | रकम रु. |
|---|---|---|---|---|---|---|
| ४ | Providing, laying , spreading, watering, lavaling and compaction of water bound macadam base course | ३८१६.९२ | ३२४४.३८ | ५७२.५४ | ३२० | १८३२१२.८ |
| ५ | providing and spreading bituminuous prime coat | १७३.३९ | २४७.३८ | २६.०१ | ३२०० | ८३२३२.०० |
| ६ | providing and spreading bituminuous tack coat | १७६.५३ | १२१.०४ | ५५.४९ | २४०० | १३३१७६.०० |
| ७ | providing, mixing, laying & compaction of pre-mix carpet | १७९८८.९३ | १४३९८.३८ | ३५९०.५५ | ८६.४ | ३१०२२३.५२ |
| **जम्मा** | | | | | | ७०९८४४.३२ |
| **उपभोक्त**ले व्यहोरेको | | | | | | ३०८७७८.०० |
| बढी भुक्तानी | | | | | | ४०१०६६.३२ |

| | | |
|---|---|---|
| | शिक्षा तर्फ : | |
| ४५. | नगरपालिका अन्तर्गत रहेका विद्यालयहरुको विवरण नगरपालिका शिक्षा शाखाले तयार गरी राख्नु पर्नेमा उक्त शाखाले विद्यालयहरुको शिक्षक दरवन्दी विवरण विद्यालयका शिक्षकहरुको तलवी प्रतिवेदन, विद्यार्थी संख्याको विवरण खुलाउने प्रमाणित कागजात उपलब्ध नगराएकाले विद्यालयलाई दिएको निकाशाको सम्बन्धमा विश्‍वस्त हुन सकिएन । नगरपालिकाले आफु अन्तर्गत रहेका विद्यालयहरुको तथ्याङ्क अध्यावधिक गरी यथार्थ प्रतिवेदन तयार गर्नु पर्दछ । | |
| ४६. | **विल भरपाई पेश गर्नु पर्ने** :- आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) र (८) मा सरकारी रकम खर्च गर्दा खर्चको विल भर्पाइ सहितको लेखा राख्नु पर्ने र कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले जनसेवा मा.वि. कर्जन्हालाई विद्यालयमा भुकम्पीय सुरक्षा कार्यक्रम (रेट्रो फिटिङ) कार्यका लागि रु. १५०००००।०० र कक्षा ९ मा प्राविधिक धारको कक्षा संचालनका लागि विद्यालयका खातामा रु. ४३०००००।०० समेत गरी जम्मा रु. ५८०००००।०० निकाशा दिएको र उक्त रकम विद्यालयको खातामा रोक्का राखेको देखिएकोले कार्यक्रम अनुसार तोकिएको समयमा कार्य संचालन गरी विल भरपाई पेश हुनुपर्दछ । | ५८०००००.०० |
| ४७. | **कर समयमा दाखिला नगरेको** :- आयकर ऐन, २०५८ को दफा ९० मा अग्रिम कर कट्टी रकम प्रत्येक महिना समाप्त भएको पन्ध्र दिन भित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भुक्तानीमा कट्टा गरेको विभिन्न कर समयमा दाखिला नगरी एकमुष्ट रकम रु ५३२१३९६।०५ मिति २०७६।०७२८ मा दाखिला गरेको देखियो । ऐनमा भएको व्यवस्थालाई कार्यान्वयन नगरेको र समयमा दाखिला गर्नेतर्फ ध्यान | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | नदिएको कारणले समयमा दाखिला नभएको हुनसक्ने देखियो । समयमा दाखिला नहुदा आर्थिक कारोवारको लेखा अद्यावधिक नहूने र राजश्व आम्दानी दाखिला ढिला हुने देखियो । ऐनमा व्यवस्था भएअनुसार भूक्तानीमा कट्टी गरिएको अग्रिम कर समयमा दाखिला गरी लेखा दुरुस्त हुनुपर्दछ । | |
| ४८ | **उपभोक्ता समिति मार्फत भएको निर्माण कार्य :-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा मितव्ययिता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने भएमा कार्य गराउन सकिने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा स्थायी लेखा नम्वर लिएको हुनुपर्ने व्यवस्था छ । नगरपालिकाले मितव्ययिता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने आधार सुनिश्चित नगरी र स्थायी लेखा नम्वर समेत नलिएका उपभोक्ता समिति मार्फत कार्य गराएको देखियो । बोलपत्रको माध्यमद्वारा प्रतिस्पर्धा गराएर कार्य गराउने तर्फ ध्यान नदिएको र उपभोक्ता समिति आफैले कार्य गर्नुपर्ने माग भएको कारणले कार्य गराएको देखिन्छ । प्रतिस्पर्धा नभई सोझै उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययिता, गुणस्तरियता र दिगोपनामा असर पर्दछ । उपभोक्ता समिति मार्फत गराउने कार्यको मितव्ययिता, गुणस्तरियता र दिगोपनामा अभिवृद्धि हुने आधार सुनिश्चित गरेर र स्थायी लेखा नम्वर लिएका उपभोक्ता समिति मार्फत मात्र कार्य हुनु पर्दछ । उपभोक्ता समितिबाट कार्य गराएका केही उदाहरण निम्नानुसार छन । | |

| गो.भौ.नं. र मिति | उपभोक्ता समितिको नाम | कार्य गरेको रकम | भुक्तानी गरेको रकम |
|---|---|---|---|
| २१/२०७५/१०/१० | सडक ढलान कार्य कर्जन्हा वडा नं. १ उ.स. | ५१७०४२२.४२ | ४३०००००.०० |
| ४५/२०७६/१/२० | कमला नदी नियन्त्रण कार्य तारजाली निर्माण उ.स. | ३१९४९१६.०० | २५०००००.०० |
| ४८/२०७६/१/२७ | उत्तरायण देखि वावाताल हुदै प्रयागपुर सडक निर्माण उ.स. | ३०७६३२१.०० | २५६३६००.०० |
| ५०/२०७६/२/३ | वावाताल कालोपत्रे सडक ढल निर्माण उ.स. | ५४२८७५७.१० | ४५०००००.०० |
| १२९/२०७६/३/२४ | सडक ढलान कार्य उ.स. | ३६७७७१३.१८ | ३१९९६१०.४६ |
| १५५/२०७६/३/२९ | ठकु शाहको घरदेखि कर्जन्हा जाने पुल निर्माण कालोपत्रे उ.स. | ४११५०७८.१८ | ३४९८६३९.४७ |
| १५६/२०७६/३/२९ | हाइवे देखि ५ र ६ जोड्ने दक्षिण नहरसम्म कालोपत्रे उ.स. | ३३३५८६१.८२ | २८९७८६३.०० |
| १६४/२०७६/३/३० | मुल सडक ढल निर्माण उ.स. | ४१९७८७३.१७ | ३४८४२३४.७३ |
| १८२/२०७६/३/३० | कर्जन्हा जोड्ने वाटो उ.स. | ३४७४४५१.७५ | ३०१५४७६.०० |
| २२१/२०७६/३/३० | डिमाखोला कलभर्ट निर्माण उ.स. | ३४२९२५४.६९ | २९१४८६६.०० |
| २२४/२०७६/३/३१ | ढल निर्माण उ.स. | ७४१२२६५.४३ | ६१९७०००.०० |
| प्रदेश २/२०७६/३/३० | शिवमन्दिर पोखरीघाट निर्माण उ.स. | ५०६८३००.७६ | ४४०४३५३.०० |

| | | |
|---|---|---|
| ४९. | **उपभोक्ता समितिले गरेको खरिद :-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिवाट निर्माण वा सो सम्बन्धि सेवा प्राप्त गर्दा मितव्ययिता,गुणस्तरियता वा दिगोपन अभिवृदि हुने भएमा वा परियोजनाको उद्देश्य रोजगारी सृजना गर्ने भएमा कार्य गराउन सकिने व्यवस्था छ । उपभोक्ता समितिवाट | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | गराइएको निम्न कार्यहरुको फर्म/कम्पनीहरुबाट खरीद विलको समेत भुक्तानी भएको देखिएकोले नियमानुसार देखिएन ।उपभोक्ता समिति मार्फत फर्म/कम्पनिवाट खरीद भएको कार्यको भुक्तानी हुँदा ऐन नियमको प्रक्रिया पुरा गरी खरीद कार्य नहुने, प्रतिस्पर्धा नहुने तथा गुणस्तरको समेत परिक्षण नहुने, खरीद कार्य मितव्ययी समेत नहुने हुँदा । ऐन नियममा भएको व्यवस्था विपरित उपभोक्ता समितिवाट गरिएको खरिद नियम संगत नदेखिएको रु.... | ४२२९४९२०.९१ |

| भौ.नं. र मिति | उपभोक्ता समितिको नाम | कार्य गरेको रकम | निर्माण व्यवसायी/फम को नाम | कार्य विवरण | खरिद रकम |
|---|---|---|---|---|---|
| २१/२०७५/१०/१० | सडक ढलान कार्य कर्जन्हा वडा नं. १ उ.स. | ५१७०४२२.४२ | न्यू माँ अम्वे ट्रेडर्स एण्ड सप्लायर्स | रड सिमेन्ट | ३३९३३८६.२६ |
| ४५/२०७६/१/२० | कमला नदी नियन्त्रण कार्य तारजाली उ.स. | ३१९४९१६.०० | शिवम हार्डवेयर | तार | ५९७९९६.०० |
| ४७/२०७६/१/२६ | सुख्खा क्षेत्रमा डिवोरिङ जडान उ.स. | १०६७४२३.०० | एलिसा डिप वोरिङ ड्रिलिङ सेवा | वोरिङ कार्य | ८६१६८१.५० |
| ४८/२०७६/१/२९ | उत्तरायण देखि वावाताल हुँदै सडक उ.स. | ३०७६३२१.०० | जानकी निर्माण सेवा | वाटो निर्माण | १८२०४३०.०० |
| ५०/२०७६/२/३ | वावाताल कालोपत्रे सडक/ढलान उ.स. | ५४२८७५७.१० | शुखशान्ति/नन्द वरेवा निर्माण सेवा | मेटरियल्स | ५०४७६३७.०७ |
| १०४/२०७६/३/१६ | कृषि सडक निर्माण उपभोक्ता समिति | ११८५०३०.०० | प्रेम पुजा कन्स्ट्रक्सन प्रा.लि. | खन्ने कार्य | ९७००००.०० |
| ११२/२०७६/३/२२ | विरेन्द्र साहको घरदेखि सिताराम साहको घरसम्म नाला निर्माण उ.स. | २९५५२२६.१४ | वन्नीभाइक कन्स्ट्रक्सन /रुविन्स आयल स्टोर /अम्वे ट्रेडर्स एण्ड सप्लायर्स | मेटरियल्स | १८८४७१६.०९ |
| ११६/२९७६/३/२२ | महेन्द्र साहको घर देखि ठाकुर साहको घर सम्म ढलान | १३१४७३१.६९ | माता दुर्गा हार्डवेयर | रड सिमेन्ट | ६२०६२२.६१ |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | कार्य उ.स. | | | | |
| १२९/२०७६/३/२४ | सडक ढलान कार्य उ.स. | ३६७७७१३.१८ | शिवम हार्डवेयर /अन्य | रड सिमेन्ट | २७१४६२०.८ |
| १४८/२०७६/३/२६ | पक्की नाला निर्माण उ.स. | १६३४४३५.०५ | अल्लिउद्दिन एण्ड ब्रदर्श हार्डवेयर | रड सिमेन्ट | ७२५३१३.१ |
| १५५/२०७६/३२९ | ठाकुर साहको घर देखी कर्जन्हा जाने पुल निर्माण कालोपत्रे उ.स. | ४११५०७८.१८ | नवदुर्गा इ एण्ड आयल स्टोर्स/अन्य | विभिन्न अन्य | १४८२५१८.४८ |
| १५६/२०७६/३/२९ | हाइवे देखि वडा नं. ५ र ६ जोड्ने दक्षिण नहरसम्म कालोपत्रे उ.स. | ३३३५८६१.८२ | ठाकुर कन्स्ट्रक्सन र अग्नि अटो | सामान | २४३१४०२.०० |
| १५७/२०७६/३/२९ | कालोपत्रे कार्य हटलेट सेवा उपभोक्ता समिति | १५५१८३५.०२ | के.पि. निर्माण सेवा | सामाग्री | १०००००0.०० |
| १६४/२०७६/३/३० | मुल सडक निर्माण उ.स. | ४१९७८७३.१७ | जवाहर कन्स्ट्रक्सन प्रा.लि. र अन्य | सामाग्री | ३०९००८५.२९ |
| १६९/२०७६/३/३० | पूल निर्माण तथा मर्मत कार्य उ.स. | १६५६००१/२० | प्रेमपुजा कन्ट्रक्सन | खन्ने कार्य | १४५५०००.०० |
| १८२/२०७६/३/३० | कर्जन्हा जोड्ने बाटो उ.स. | ३४७४४५१.४५ | कमाण्डर निर्माण सेवा तथा अन्य | सामाग्री | ३०४९५३८.०० |
| १९०/२०७६/३/३० | सिमरा दक्षिणवारी टोल ढलान उ.स. | २४०१४५९.६९ | वन्नीभाइ कन्स्ट्रक्सन तथा अन्य | सामाग्री | १७३७०७६.६५ |
| २२१/२०७६/३/३० | डिमाखोला कल्भर्ट निर्माण उ.स. | ३४२९२५४.६९ | पताञ्जली हार्डवेयर | रड सिमेन्ट | १०९६१४६.०२ |
| २४८/२०७६/३/३१ | ढल निर्माण उ.स. | ७४१२२६५.४३ | शेख ट्रेडर्स एण्ड सप्लायर्स तथा अन्य | सामाग्री | ५८४९७३४.१८ |
| प्रदेश २/२०७६/३/३० | शिवमन्दिर पोखरीघाट निर्माण उ.स. | ५०६८३००.७६ | रुविन्स आइरन स्टोर्स तथा अन्य | सिमेन्ट इटा | २४६७०१६.८६ |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | जम्मा ४२२९४९२०.९१ | |
| ५०. | **सोभ्कै खरिद** :- सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा खरीद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुका टुका परी गर्नु हुदैन भन्ने व्यवस्था छ । सो विपरीत कार्यालयले कार्यालयमा दर्ता नभएको दरभाउपत्र संलग्न गरी सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ८५ विपरीत सोभ्कै खरीद गरेको छ । कार्यपालिकाले वडागत वजेट विनियोजन गरेको कारणले सोभ्कै खरिद गरेको देखिन्छ । लागत अनुमान टुक्रा पारी खरिद गर्दा प्रतिस्पर्धा नभएकोले मितव्ययी नहुन सक्दछ । खरिद गर्दा लागत अनुमान टुक्रा नगरी प्रतिस्पर्धा गराएर खरिद हुनुपर्ने र खरिद गरिएका पोलहरु जडान सहितको लागत अनुमान तयार गरी सोही अनुसारको खरिद प्रक्रिया पूरा गरी कार्य हुनुपर्ने रु....... | १९९२६५२.५० |

| भौ.नं. र मिति | फमको नाम | विवरण | रकम |
|---|---|---|---|
| १९८/२०७६/३/३० | जय मातादी सप्लायर्स | विद्युतीय पोल थान ४१ | ४९८०४७.५० |
| १९९/२०७६/३/३० | अधिकारी ट्रेडर्स एण्ड सप्लायर्स | विद्युतीय पोल थान ४१ | ४९८०४७.५० |
| २००/२०७६/३/३० | एल के ट्रेडिङ एण्ड सप्लायर्स | विद्युतीय पोल थान ४१ | ४९८०४७.५० |
| २०१/२०७६/३/३० | गणिता सप्लायर्स एण्ड ट्रडर्स | विद्युतीय पोल थान ४१ | ४९८५१०.०० |
| जम्मा | | | १९९२६५२.५० |

| | | |
|---|---|---|
| | **व.शि.नं. ३६५८०९४ भोलुङ्गे पूल क्षेत्रगत कार्यक्रम :** | |
| ५१. | **खर्च बढेको** :- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । इमलीघाट भोलुङ्गे पूल उपभोक्ता समिति मार्फत भएको निर्माण कार्यको दोस्रो रनिङ विल वापतको रकम रु. १२३०५६४।०० वजेट खर्च लेखि अग्रिम कर र कन्टिन्जेन्सी वापतको रकम रु. ८३६२९।०० कट्टा गरी रु. ११४६९३५।०० उपभोक्ता समितिको नाममा मिति २०७६।३। मा चेक जारी भएकोमा वर्षान्त सम्म चेक बुभ्की लगेको नदेखिएकोले भुक्तानी नभएको रकम वजेट खर्च घटाउनु पर्नेमा खर्च नघटाएकोले वजेट खर्च बढी देखिएको छ । भुक्तानी नभएको रकम वजेट खर्च लेख्दा खर्चको यथार्थता एकीन हुदैन । वर्षान्त सम्म चेक बुभ्की नलगेको र चेक रकम भुक्तानी नै नभएको रकमलाई खर्च घटाई खर्चको यथार्थता एकीन हुनुपर्ने रु. .. | १२३०५६४.०० |
| | **समाजिक सुरक्षा भत्ता तर्फ** | |
| ५२. | **सामाजिक सुरक्षा भत्ता वितरण** :—सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १७ मा स्थानिय तहले दफा १६ बमोजिमको परिचयपत्रको आधारमा सामाजिक सुरक्ष भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । त्यस्तै ऐनको दफा १८ मा वितरण गरिएको समाजिक सुरक्षाको अभिलेख तोकिएको ढाँचामा अध्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । यस वर्ष नगरपालिकाले ११ वटा वडा मार्फत जम्मा रु.४५५८९०००।०० वितरण गरेकोमा लेखापरीक्षण योजनाले निर्दिष्ट गरे बमोजिम निकासाको आधारमा पहिलो र आठौं स्थानका वडाको छनौट गरिएकोमा भरपाईका आधार परीक्षण गरिएको छ । मुल लगत तथा VERSP-MIS मा केही तथ्याङ्क फरक पेरेको देखिन्छ । कतिपय नामहरु दोहोरो प्रविष्टि भएको देखिएकाले ।VERSP-MIS तथा मुल लगतलाई अध्यावधिक गरी पुर्ण रुपमा बैङ्किङ प्रणाली मार्फत वास्तविक लाभग्राहीलाई भुक्तानी हुने व्यवस्था मिलाउने तर्फ नगरपालिकाले उचित पहल गर्नु पर्दछ । | |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

**५३. वैठक भत्ता :-** प्रदेश नं. २ ले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धि कानूनमा मासिक सुविधा पाउने पदाधिकारीहरुले वैठक भत्ता नपाउने व्यवस्था छ । निम्न भौचरबाट मासिक सुविधा पाउने जनप्रतिनिधिहरुलाई वैठक भत्ता भुक्तानी गरेको देखियो ।

| गो.भौ.नं. र मिति | विवरण | वैठक भत्ता रकम |
|---|---|---|
| ६३/२०७५/०८/१८ | कार्यपालिका र नगर सभाको वैठक | ८१५०००.०० |
| ८१/२०७५/०९/१२ | न्यायीक समितिको वैठक | ३००००.०० |
| ८३/२०७५/०९/१५ | वडा कार्यालयहरुको वैठक | २७००००.०० |
| १०९/२०७५/०९/२९ | वडा कार्यालयहरुको वैठक | ३६००००.०० |
| जम्मा | | १४७५०००.०० |

कार्यपालिकाले वजेट व्यवस्था गरेको कारणले वैठक भत्ता दिएको देखिन्छ । कानूनले दिन नमिल्ने रकम भुक्तानी गर्दा खर्च वढ्न गएको छ । ऐन नियमले दिन नमिल्ने वैठक भत्ता भुक्तानी भएको रकम असुल हुनुपर्ने रु......

बेरुजू रकम रु.: १४७५०००.०
०

**५४. पोशाक भत्ता :-**प्रदेश नं. २ का स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धिको दफा ३ मा अनुसूची १ बमोजिमको रकममा नबढ्ने गरी पदाधिकारी तथा सदस्यहरुले सुविधा तथा भत्ता पाउने व्यवस्था गरिएको छ । अनुसूची १ मा पोशाक भत्ता सम्बन्धि व्यवस्था नभएकोले ५९ जनाको रु. १०,०००।०० का दरले चैत्र महिनामा पोशाक भत्ता वापत रु. ५९००००।०० नियमले नमिल्ने रकम भुक्तानी दिएको देखिन्छ । कानूनमा नभएको रकम भुक्तानी गर्दा खर्च बढ्न गएको छ । कानूनमा व्यवस्था नभएको पोशाक भत्ता भुक्तानी भएको रकम असुल हुनुपर्ने रु...

बेरुजू रकम रु.: ५९००००.००

**५५. सम्परीक्षण भएको व्यहोरा :-** कार्यालयले आर्थिक कार्यविधी ऐन, २०५५ को दफा १८ बमोजिम निम्नानुसार वेरुजु फछ्र्यौट गरी संपरीक्षणको लागी अनुरोध गरेकोमा निम्नअनुसार संपरीक्षण गरिएको छ ।

| दफा | आर्थिक वर्ष | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|
| ८८ | २०७४।७५ | **सामाजिक सुरक्षा पेश्की फछ्र्यौट भएको ।** | ९३०७०००।०० |
| | | व.स. कृष्ण कुमार सापकोटा १३८९०००।०० पेश्की फछ्र्यौट । | |
| | | वडा सचिव भरत कुमार क्षेत्री ३४७६०००।०० पेश्की फछ्र्यौट । | |
| | | वडा सचिव भरत कुमार क्षेत्री १५२८०००।०० पेश्की फछ्र्यौट । | |
| | | वडा सचिव शकुन्तला भट्टराई २९१४०००।०० पेश्की फछ्र्यौट । | |

**५६. अनुगमन तथा मूल्याङ्कन :-**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

| **गत वर्षको बेरुजु रकम** (रु.) (**A**) | **यो वर्ष फछ्र्यौट** (**B**) | **बाँकी** (**C= A-B**) |
|---|---|---|
| ४२६५२६९४.२३ | ९३०७०००।०० | ३३३४५६९४.२३ |

**५७ अद्यावधिक बेरुजु स्थिति :** लेकमपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ ।

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C) | यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D) | यो वर्षको कायम बेरुजु रु. (E) | बाँकी (F= C+D+E) |
|---|---|---|---|
| ३३३४५६९४. | ० | ५५१३११८०.६ | ८८४७६८७४.८३ |

| | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | २३<br>उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्र्यौट गरिनुपर्दछ । | |

## कर्जन्हा नगरपालिका

# अनुसूची १

### बेरुजु वर्गीकरण

२०७५।७६

(रु.हजारमा)

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गनुंपनें | | | | | पेश्की | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असूल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | मोबिलाइजेशन | कर्मचारी | अन्य | जम्मा |
| ४७ | १० | ५५१३१ | - | - | | ४७ | १० | ५५१३१ | ३४३३ | ४४५६८ | ७१३० | - | - | ५१६९८ | - | - | - | - |

कर्जन्हा नगरपालिका

अनुसूची-२

## सञ्चित कोष विवरण

२०७५।७६

(रु.हजारमा)

| आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|
| गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १२१०३९ | १००००० | १८४४२२ | ६१८९२ | ३४६३१४ | १८८५४० | १४५६०० | ७९६७ | ३४२१०७ | १२५२४६ |

# अपि हिमाल गाउँपालिका

## अनुसूची-३

## अध्याबधिक वेरुजु स्थिति

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| | कर्जन्हा नगरपालिका | सिरहा | ४२६५३ | ९३०७ | ३३३४६ | ०.०० | ५५१३१ | ८८४७७ |